बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

प.सं.:- २०८२/०८३
च.नं.:- १९८

मितिः २०८२/०४/२९

विषय: सूचना प्रणालीको प्रयोगकर्ता व्यवस्थापन सम्बन्धी सुझाव कार्यान्वयन सम्बन्धमा।

श्री मन्त्रालय/ आयोग (**सबै**),
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा सेवा प्रवाहमा डिजिटल प्रणाली प्रयोगमा ल्याएका कार्यालयहरुमा प्रयोगकर्ता कर्मचारीहरुको युजर आइडी र पासवर्ड (UserID and Password) को दुरुपयोगबाट हुने जोखिम न्युनीकरण गर्ने सन्दर्भमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८२/०४/१६, च.नं. सु.प्र./५३४/२९६ को पत्र बाट प्राप्त देहाय अनुसारको सुझावको कार्यन्वयन अन्तर्गतका सम्पुर्ण निकायहरुमा समेत गर्ने/गराउनु हुन आदेशानुसार अनुरोध गरिन्छ।

**देहाय**

"नेपाल सरकार तथा विभिन्न सार्वजनिक निकायहरुमा प्रयोग भइरहेको विद्युतीय प्रणाली तथा व्यवस्थापन सूचना प्रणालीमा आधिकारिक पहुँच भएका प्रयोगकर्ताकरुको सरुवा, अवकाश वा जिम्मेवारी परिवर्तन हुँदा समेत जिम्मेवारीमा रहँदा प्रयोग गरेको User ID and Password प्रयोग गरी सरकारी प्रणालीको दुरुपयोग हुने गरेको अनुसन्धानबाट देखिएको सन्दर्भमा सरकारी विद्युतीय प्रणालीलाई सुरक्षित, भरपर्दो बनाउन जिम्मेवारी लिंदा त्यस्ता आइडी र पासवर्ड लिखित रुपमा बुझेर लिने, कार्यरत अवधिमा त्यस्ता युजर आइडीको दुरुपयोग भएमा जिम्मा लिने राष्ट्रसेवक नै जिम्मेवार हुने र कुनै किसिमले आफ्नो जिम्मेवारीबाट अलग भएको एकीन भए मात्र रमना, अवकाश लगायतका आधिकारिक पत्र जारी गर्ने व्यवस्था मिलाउनु"

२०८२/०४/२९

(सरोज आचार्य)
कम्प्युटर इन्जिनियर

बोधार्थ
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौं।